आज मिति २०७७।०४।३१ गते बिहान ८:०० बजे हिल्लीकोट गाउँ कार्यपालिकाको नियमित बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपशिलको उपस्थिती- मा यसो देहाय अनुसार निर्णय गरियो ।

उपस्थिती :-

१. गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्की
२. ,, उपाध्यक्ष श्री कल्पना कुमारी ...
३. वडा अध्यक्ष, वडा नं. १ श्री निरञ्जन जीवी पोखरेल
४. ,, ,, ,, २ श्री ओम प्रसाद पोखरेल
५. ,, ,, ,, ३ श्री नारायण बहादुर के.सी.
६. ,, ,, ,, ४ श्री सोम बहादुर कार्की
७. ,, ,, ,, ५ श्री मन बहादुर अधिकारी
८. ,, ,, ,, ६ श्री प्रकाश रायमाझी
९. ,, ,, ,, ७ श्री दान बहादुर कँवर
१०. ,, ,, ,, ८ श्री पुरा बहादुर इहरी
११. कार्यपालिका सदस्य श्री मिना कुमारी राना
१२. ,, ,, श्री रञ्जना खनाल
१३. ,, ,, श्री गोमा थापा
१४. ,, ,, श्री शर्मिला नेपाली
१५. ,, ,, श्री सुनिल बराथाल
१६. ,, ,, श्री गीता कोइराला
१७. सदस्य सचिव श्री पवन अर्याल
१८. आमन्त्रित श्री कृष्ण प्रसाद खनाल
१९. ,, श्री मञ्जु पन्थी
२०. ,, श्री खड्क लाल भट्टराई
२१. ,, श्री विष्णु प्रसाद खनाल
२२. ,, श्री हेम प्र. कँवर
२३. ,, श्री विपिन जि.सी.

प्रस्तावहरु:

१ स्थानीय दररेट निर्धारण सम्बन्धमा।

२ तपसिलका कार्यविधि सम्बन्धमा।

(क) मेरो रिब्दीकोट कोष संचालन कार्यविधि

(ख)सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि

३ तपसिलका समितिको गठन सम्बन्धमा।

(क)शिक्षा समिति

(ख) अपाङ्ग समन्वय समिति

(ग)बजार अनुगमन टोलि

(घ)उपभोक्ता हित संरक्षण समिति

(ङ)गाउँ विपद व्यवस्थापन समिति

(च)भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लागत संकलन सम्बन्धी कार्यविधिको दफा ४ बमोजिम सहजीकरण समिति

४ कार्यक्रम स्वीकृति (Budget Breakdown) सम्बन्धमा

५ योजना कार्यान्वयनका सम्बन्धमा।

(क)एकिकृत कृषि विकास कार्यान्वयन सम्बन्धमा।

६ चिस्यान केन्द्र संचालन सम्बन्धमा।

७ राष्ट्रपति शैक्षिक सुधारको प्राथमिकता सिफारिस सम्बन्धमा।

८ प्रमुख प्रशासकीय अधिकृत र अध्यक्षविच कार्यसम्पादन सम्झौता सम्वन्धमा।

९ विषय विज्ञ तोक्ने सम्बन्धमा।

निर्णयहरु:

१. प्रस्ताव नं १ उपर छलफल गरी आ.व .०७९/८० को स्थानीय दररेट पाल्पा जिल्लाको जिल्ला दररेट अनुरुप हुने निर्णय गरियो । साथै कार्यालयको प्राबिधिक शाखाले तयार गरी पेश गरेको आ.व . ०७९/८० को दर रेट विश्लेषण (Rate Analysis) स्वीकृति गरियो । साथै राष्ट्रीय वजारमा इन्धनको मूल्यमा अस्वाभाविक थपघट भएमा यो दररेटमा पुनरावलोकन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ को सम्बन्धमा मेरो रिब्दीकोट कोष संचालन कार्यविधि पारित गरीयो र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी थप छलफल गरि पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३, ४ र ५ का सम्बन्धमा थप छलफल आवश्यक देखिएकाले आगामी वैठकमा पुन छलफल गरि निष्कर्षमा पुग्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ६ उपर छलफल गर्दा प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लागतमा वडा नं ५ कुसुमखोलामा निर्माणाधिन चिस्यान केन्द्रको हालसम्मको अवस्था तथा त्यसलाइ संचालनमा ल्याउन गर्नुपर्ने कार्यका सम्वन्धमा कार्यपालिकामा प्रतिवेदन पेश गर्न तपसिल वमोजिमको समिति गठन गर्ने र उक्त समितिलाई १० दिनभित्र प्रतिवेदन तयार गरी त्यस लगत्ते वस्ने कार्यपालिकाको वैठकमा पेश गर्न निर्देशन दिने ।

तपसिल

| | |
|---|---|
| ओमप्रसाद पोखरेल | संयोजक |
| सोम वहादुर कार्की | सदस्य |
| दान वहादुर कुंवर | सदस्य |
| मन वहादुर अस्लामी | सदस्य |
| गोमा थापा पचभैया | सदस्य |
| सुनिल वश्याल | सदस्य |
| रञ्जना खनाल | सदस्य |
| विपिन जि सी | सदस्य |
| रञ्जिव कुंवर | सदस्य सचिव |

५. प्रस्ताव नं ७ उपर छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधारको प्राथमिकता सिफारिस तपसिल बमोजिम गर्ने ।

तपसिलः-

| भवन तर्फ | *ICT Lab* तर्फ |
|---|---|
| १ भाष्कर मा वि पोरक्नी रिब्दीकोट ६ (४ कोठा) | १ लक्ष्मी मा वि मालमुल रिब्दीकोट ३ |
| २ राधाकृष्ण प्रा वि ख्याहा रिब्दीकोट १ (२ कोठा) | २ आदर्श मा वि देउराली रिब्दीकोट २ |
| ३ नवज्योति प्रा वि उज्ज्वलडाडा रिब्दीकोट ६ (२ कोठा) | ३ प्रभात मा वि मेनादी रिब्दीकोट ७ |
| ४ कालिका आ वि जोगिथुम रिब्दीकोट १ (२ कोठा) | ४ नारायण मा वि ठिमुरे रिब्दीकोट ६ |
| ५ शारदा मा वि ख्याहा रिब्दीकोट १ (४ कोठा) | ५ भैरव जनता मा वि भैरवस्थान रिब्दीकोट ४ |
| ६ कालिका मा वि बतासे रिब्दीकोट ७ (४ कोठा) | |

६. प्रस्ताव नं ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृत र अध्यक्षविच कार्यसम्पादन सम्झौता गरियो ।

७. प्रस्ताव नं ९ उपर छलफल गर्दा रिब्दीकोट गाउँपालिकामा रोजगार सहायकको छनोट तथा पदपूर्ति गर्न स्थानीय तहमा प्राबिधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा ३ को खण्ड ख बमोजिम पदपूर्ति समितिको सदस्यमा बगनासकाली गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री बिष्णु घर्तीलाई तोक्ने निर्णय गरियो ।